# गृह विद्यालय व्यवस्थापन सहजीकरण सामग्री, २०७८

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

२०७८

## प्राक्कथन

विश्व समुदाय सामु अन्तर्राष्ट्रियस्तरमा गरिएका प्रतिबद्धता र संविधानले निर्दिष्ट गरे बमोजिम बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने आधारभूत नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न बिभिन्न समयमा बिभिन्न खालका नीतिगत र कानुनी प्रबन्ध गरी सोही अनुसारका शैक्षिक योजना र कार्यक्रमहरू सञ्चालन हुँदै आइरहेको परिस्थितिमा सन् २०१९ को अन्त्यतिर चिनको बुहान हुँदै क्रमश: बिश्वभर देखापरेको कोभिड १९ को प्रभावबाट नेपाल पनि अछुतो रहन सकेन । फलस्वरुप शैक्षिक सत्र २०७६ को अन्त्यमा लिइने विद्यालय तहका अन्तिम परीक्षाहरू सामान्य रुपमा प्रभावित भए भने नयाँ सत्रको सुरुवातसँगै शैक्षिक सत्र २०७७ र २०७८ का प्रत्यक्ष पठनपाठन र आवधिक परीक्षाहरू प्रभावित हुन गए। यसरी प्रत्यक्ष साक्षत्कारमा आधारित (Face to Face mode) सिकाइ प्रकिया अवरुद्ध हुन जाँदा ७० लाख बढी विद्यालय उमेर समूहका बालबालिकाहरूको सिकाइ निरन्तरताका लागि विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ र विद्यालय शिक्षाको आकस्मिक कार्ययोजना -२०७७ स्वीकृत भई हाल कार्यान्वयनमा रहेका छन् । नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत विद्यालय शिक्षाको आकस्मिक कार्ययोजना - २०७७ को बुँदा नं ११ मा प्रत्येक घर परिवारलाई आफ्ना बालबालिकाको सिकाइमा सघन रूपमा सहभागी बनाउने गरी गृह विद्यालय (Home Schooling) को अवधारणा कार्यान्वयन गर्ने भनी उल्लेख गरिएको सन्दर्भमा उक्त अवधारणा कार्यान्वयनका लागि सहजीकरण सामग्रीको आवश्यकता महसुस गरी यो **गृह विद्यालय व्यवस्थापन सहजीकरण सामग्री**, २०७८ तयार गरी कार्यान्वयनमा ल्याइएको हो ।

घर बालबालिकाको पहिलो पाठशाला हो भने अभिभावक उनीहरुका पहिलो शिक्षक हुन । बालबालिकाको अधिकांश समय घरमा नै बित्ने र घरमा हुने सिकाइले बालबालिकाहरुको जीवनमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले हाल मुलुकभर देखापरेको कोभिड - १९ को प्रभाव वा यस्तै खालका अन्य महामारी वा प्राकृतिक प्रकोप आदिको समयमा वा सहज परिस्थितिमा समेत घरलाई नै बालबालिकाहरुको पहिलो अनि उपयुक्त सिक्ने थलो-पाठशालाका रूपमा उपयोग गर्न सहयोग पुगोस् भन्ने मान्यताका साथ गृह विद्यालय (Home Schooling) को अवधारणाको विकास भएको हो ।

अत: विकास गरिएको सामग्रीको प्रभावकारी कार्यान्वयन नै महत्वपूर्ण सवाल हो । यस सामग्रीमा उल्लेखित गृह विद्यालयको अवधारणा र उद्देश्यको प्रभावकारी कार्यान्वयनमा सम्पूर्ण विद्यार्थी भाइबहिनीहरु, शिक्षक बर्ग, प्रधानाध्यापक, आम अभिभावक, शिक्षा प्रशासक, सञ्चार जगत लगायत शिक्षासँग सरोकार राख्ने सबै सरकारी तथा गैर सरकारी निकायका सम्पूर्ण तह र तप्काका महानुभावहरूबाट उत्तिकै सहयोग र सकरात्मक एवम् रचनात्मक सुझाव, सल्लाह र पृष्ठपोषण प्राप्त हुने नै छ भन्ने अपेक्षासहित प्रत्यक्ष अप्रत्यक्ष रुपमा सामग्री विकासमा खट्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रका जिम्मेवार व्यक्तिहरू, संघीय तथा प्रादेशिक तहका नेपाल शिक्षा समूह (Nepal Education Cluster-NEC) का पदाधिकारीहरू लगायत सबै सबै महानुभावहरुप्रति केन्द्र हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

बैकुण्ठ प्रसाद अर्याल
महानिर्देशक

# विषय सूची


| क.सं. | | विषयवस्तु | पेज नं. |
|---|---|---|---|
| १ | | परिचय | १ |
| २ | | आवश्यकता | ३ |
| ३ | | उद्देश्यहरू | ३ |
| ४ | | गृह विद्यालय सञ्चालन प्रकिया | ४ |
| ५ | | गृह शिक्षकले गर्न सक्ने दैनिक पाठसँग सम्बन्धित कियाकलापहरु | ७ |
| | क | बालविकास उमेरका बालबालिकाहरूका लागि सञ्चालन गर्न सकिने कियाकलापहरू | ७ |
| | ख | कक्षा १ देखि ३ सम्मका बालबालिकाहरूका लागि सञ्चालन गर्न सकिने कियाकलापहरू | ८ |
| | ग | कक्षा ४ देखि ५ सम्मका बालबालिकाहरूका लागि सञ्चालन गर्न सकिने कियाकलापहरू | ९ |
| | घ | कक्षा ६ देखि ८ सम्मका बालबालिकाहरूका लागि सञ्चालन गर्न सकिने कियाकलापहरू | १० |
| | ङ | कक्षा ९ देखि १० सम्मका बालबालिकाहरूका लागि सञ्चालन गर्न सकिने कियाकलापहरू | ११ |
| ६ | | सिकाइ सहजीकरणका लागि विभिन्न निकायहरुको भूमिका | १२ |
| | क | अभिभावकको भूमिका | १२ |
| | ख | विद्यालयको कक्षा शिक्षकको भूमिका | १६ |
| | ग | विद्यालय व्यवस्थापन समितिको भूमिका | १७ |
| | घ | प्रधानाध्यापकको भूमिका | १७ |
| | ङ | स्थानीय तहको शिक्षा हेर्ने शाखाको भूमिका | १७ |
| | च | शिक्षा विकास तथा समन्वय इकाइको भूमिका | १८ |
| | छ. | गैर सरकारी संस्थाहरूको भूमिका | १८ |
| ७ | | अनुसूची १ | २० |

# गृह विद्यालय व्यवस्थापन सहजीकरण सामग्री, २०७८

## १.परिचय :

बालअधिकारसम्बन्धी महासन्धिको पक्ष राष्ट्र रहेको नेपालले विक्रम सम्बत् २०७२ मा जारी गरेको संविधानमा बालअधिकारलाई प्रत्याभूति गरेको छ । त्यसैगरी अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले संविधानमा रहेका बालअधिकारसम्बन्धी व्यवस्थाको कार्यान्वयनका लागि कानुनी आधार प्रदान गरेको छ ।

संविधानले आधारभूत तहसम्मको शिक्षा नि:शुल्क तथा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुने व्यवस्था गरेको छ । यसै गरी संविधानले विपन्न एवम् अपाङ्गता भएका बालबालिकाका लागि कानुन बमोजिम उच्च शिक्षासम्म नि:शुल्क शिक्षा प्राप्त गर्ने सुनिश्चितता गरेको छ । वर्तमान सन्दर्भमा विक्रम सम्बत् २०७६ को फाल्गुण महिनादेखि सुरु भएको कोभिड-१९ को समस्याका कारण विशेष गरी शैक्षिक सत्र २०७७ को अधिकांश समयमा प्रत्यक्ष साक्षत्कारमा आधारित सिकाइ प्रक्रिया अवरुद्ध हुन गयो । यसको कारण शैक्षिक सत्र २०७७ र २०७८ मा पाठ्यक्रमले निर्धारण गरे अनुसारको पठनपाठन हुन सकेन । शैक्षिक सत्रलाई खेर जान नदिनका लागि नेपाल सरकारले २०७७ को शैक्षिक सत्रलाइ जेठ मसान्तसम्म लम्ब्याइए पनि कोभिड-१९ को दोस्रो लहरका कारण प्रत्यक्ष साक्षत्कारमा आधारित पठनपाठन प्रभावित भयो । शैक्षिक सत्र २०७८ मा समेत विद्यालय शिक्षामा अध्ययनरत करिब ७० लाख भन्दा बढी बालबालिकाहरूको प्रत्यक्ष साक्षात्कारमा आधारित पठनपाठन प्रभावित भएका कारण सिकाइ प्रकिया प्रभावित भए पनि विद्यार्थीको सिकाइ अवरूद्ध हुँदैन भन्ने मान्यता अनुसार नेपाल सरकारले विभिन्न माध्यमबाट बालबालिकाको सिकाइ सहजीकरणका लागि प्रयासहरू गर्दै आइरहेको छ । यसै सन्दर्भमा बैकल्पिक माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका जारी गरी सोही अनुसार सिकाइ सहजीकरण प्रकिया अगाडि बढिरहेकोमा २०७७ भाद्र १९ मा उक्त निर्देशिकालाई विस्थापित गरी विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ जारी गरी सो निर्देशिका अनुसार सिकाइ सहजीकरण प्रक्रिया अगाडि बढाउनका लागि नेपाल सरकारबाट विद्यालय शिक्षाको आकस्मिक कार्ययोजना- २०७७ स्वीकृत भई कार्यान्वयनमा रहेको छ । विद्यालय शिक्षाको आकस्मिक कार्ययोजना - २०७७ को बुँदा नं ११ मा प्रत्येक घर परिवारलाई आफ्ना बालबालिकाको सिकाइमा सघन रूपमा सहभागी बनाउने गरी गृह विद्यालय (Home Schooling) को अवधारणा कार्यान्वयन गर्ने भनी उल्लेख गरिएको छ । सो अवधारणाको कार्यान्वयनका लागि सहजीकरण सामग्रीको आवश्यकता महसुस गरी यो गृह विद्यालय व्यवस्थापन सहजीकरण सामग्री, २०७८ तयार गरी कार्यान्वयनमा ल्याइएको हो ।

वास्तवमा घर बालबालिकाको पहिलो पाठशाला हो । बालबालिकाको अधिकांश समय घरमा नै बित्ने भएकाले घरमा हुने सिकाइले उसको जीवनमा महत्वपूर्ण भूमिका खेल्दछ । बालबालिका देशको भविष्यका कर्णधार र वर्तमानका साझेदार पनि भएकाले उनीहरूका लागि गरिएको लगानी राष्ट्र विकासका लागि गरिएको लगानी हो । गृह विद्यालयको अवधारणा कार्यान्वयनका लागि परिवारका सदस्यहरू जस्तै: आमा, बुबा, दाइ दिदी, बाजे, बज्यै पढेलेखेका अन्य सदस्य नै शिक्षक हुन सक्दछन् । उनीहरुले आफ्ना बालबालिकालाई प्रत्येक दिनको कार्ययोजना बनाएर सोही अनुसार पठनपाठनमा सहयोग गर्न सक्छन् ।

परिवारका सदस्यहरूले बालबालिकाको व्यक्तिगत सरसफाइ, घरको सरसफाइ र उनीहरुको संरक्षणका बारेमा समेत ध्यान दिन सक्छन् । सम्बन्धित सेवाक्षेत्रभित्रका विद्यालयका शिक्षकहरूले आवश्यकता अनुसार सम्बन्धित टोलमा गएर गृह शिक्षकलाई अप्ठेरो परेको विषयमा सहजीकरण गर्न सक्छन् । त्यसै गरी गृह शिक्षकले आफूलाई अप्ठेरो परेको विषयमा शिक्षकहरूसँग फोन गरेर वा भेटेर सहयोग लिन सक्छन् । यसको साथै विद्यालयका शिक्षकले एक टोलमा एक जना सम्पर्क गृह शिक्षक बनाएर पनि सम्पर्क नम्बरको माध्यमले वा कहिले काहीं सम्पर्क शिक्षकहरूको बैठक गरेर पनि बालबालिकाहरूको पठनपाठनका लागि सहयोग गर्न सक्छन् । गृह शिक्षकले आफ्ना बालबालिकाको पठनपाठनमा सहयोग गर्नका लागि घुम्ती पुस्तकालयको उपयोग गर्न सहयोग गर्ने, पढाइ कुनाको व्यवस्थापन गर्ने, कथा, कविताका पुस्तकहरू उपलब्ध गराउने, दैनिक कार्यतालिकाको निर्माण र कार्यान्वयन गर्न सघाउने र विद्यालयसँग समन्वय र सहकार्य गर्न सक्छन् । परिवारका अन्य सदस्यहरूले उनीहरूलाई आवश्यकता अनुसार खाजा, खानाको ठिक समयमा व्यवस्थापन गर्न सक्छन् । गृह विद्यालयमा विद्यालय शिक्षाको तल्ला कक्षाहरूमा अध्ययनरत बालबालिकाहरूलाई दैनिक बिहान उठने, हातमुख धुने, शारीरिक व्यायाम गर्ने, समाचार सुन्ने, पढ्ने, लेख्ने, खाना खाने, करेसाबारीको काम गर्ने, चित्र बनाउने, खेल्ने, खाजा खाने, गीत गाउने, मनोरञ्जन गर्ने, कथा भन्ने, सुत्ने समय आदिसहितको कार्यतालिका बनाउन लगाई कार्यान्वयन गर्न गृह शिक्षकले सहयोग गर्छन् । यसका साथै खाने कुराको तालिकासमेत बनाउन सहजीकरण गर्छन् । माथिल्लो कक्षाहरूमा अध्ययनरत बालबालिकाहरूका लागि पनि यसरी नै आवश्यकता अनुसार कार्ययोजना बनाई कार्यान्वयन गर्न सहजीकरण गर्न सक्दछन् । यसबाट बालबालिकाहरूलाई उनीहरूको घरमा पढाइको वातावरण सिर्जना हुन्छ भने अभिभावकहरू पनि आफ्नो जिम्मेवारीप्रति उत्तरदायी हुनेछन् भन्ने मान्यता यस अवधारणाले राख्दछ ।

विश्वका विभिन्न देशहरूले बालबालिकाको सिकाइका लागि यस किसिमको अवधारणा कार्यान्वयनमा ल्याएको पाइन्छ । नियमित पठन पाठन भएको समयमा पनि गृह विद्यालय उपयोगी भएको देखिन्छ भने विभिन्न महामारी तथा अन्य प्राकृतिक प्रकोपका कारण प्रत्यक्ष साक्षात्कारमा आधारित सिकाइ प्रक्रिया अवरुद्ध भएको अवस्थामा यो अवधारणा निकै सान्दर्भिक र उपयोगी देखिन्छ । कोभिड - १९ का कारण लामो समयदेखि प्रत्यक्ष साक्षात्कारमा आधारित सिकाइ प्रक्रियामा कठिनाइ उत्पन्न भइरहेको र तत्काल प्रत्यक्ष कक्षा सञ्चालन गर्ने परिस्थिति विद्यमान नभएको अवस्थामा घरलाई नै विद्यालय बनाउनु पर्ने स्थिति देखिएको छ । यसै परिस्थितिलाई दृष्टिगत गरी नेपाल सरकारले यस अवधारणालाई अघि सारेको हो । यो अवधारणालाई प्रचार प्रसार गरी व्यापक रूपमा कार्यान्वयन गर्न सकिएमा महामारीपछिको अवस्थामा पनि निकै उपयोगी हुने देखिन्छ । यस अवधारणाको प्रभावकारी कार्यान्वयन हुन सकेमा बाल बालिकाको सिकाइप्रतिको लगावमा बृद्धि भई सिकाइ उपलब्धिस्तरमा सुधार हुने, दैनिक जीवनमा आइपर्ने समस्या समाधान गर्ने सिपको विकास हुने, जीवनोपयोगी सिपको विकास हुने, अभिभावकसँगको सम्बन्ध सुमधुर हुने, सिकाइलाई दैनिक जीवनसँग जोड्न सक्ने आदि सिप तथा दक्षताको विकास हुने अपेक्षा गर्न सकिन्छ । हाल विद्यमान कोभिड - १९ महामारी र यस्तै प्रकृतिका अन्य महामारी तथा प्राकृतिक प्रकोपको समय वा अन्य सहज परिस्थितिमा पनि घरलाई पाठशालाका रूपमा उपयोग गर्न सहयोग पुर्‍याउनका लागि यो सामग्री विकास गरिएको हो ।

## २. आवश्यकता :

गृह विद्यालय सहजीकरण सामग्री विद्यार्थी सिकाइ सहजीकरणको लागि तयार गरिएको हो । सञ्चार र प्रविधिको आधारमा विद्यार्थी सिकाइ सहजीकरण निर्देशिकाले विद्यार्थीहरूलाई विभिन्न वर्गमा विभाजन गरेको हुदाँ ती बालबालिकाहरूको सिकाइमा अभिभावक, विद्यालयका शिक्षक तथा सरोकारवाला सबैको सहभागिता रहोस् र सिकाइ विद्यालय बाहिर पनि निरन्तर रूपमा सञ्चालन भई रहोस् जसका कारण शैक्षिक सत्र क्षति नहोस् भन्ने मनसायले यो सहजीकरण सामग्री तयार गरिएको हुदाँ यसको आवश्यकतालाई देहायअनुसार प्रस्तुत गरिएको छ :

क) विभिन्न कारणले विद्यालयहरू बन्द भई बालबालिकाहरूको नियमित सिकाइ अवरूद्ध भएको अवस्थामा सिकाइ सहजीकरण गर्नुपर्ने भएकोले,

ख) कोभिड-१९ को हालको अवस्था र भविष्यमा हुने जुनसुकै विपद्मा बालबालिकाहरू घरमा र अभिभावकसँग नै छन् र हुन्छन् । पाठ्यक्रम अनुसारका पाठ्यवस्तुको सिकाइका साथै जीवनोपयोगी सिप, व्यावहारिक सिप, मानवमूल्यसम्बन्धी सिपहरूको सिकाइमा अभिभावकको भूमिका उजागर गर्नुपर्ने भएकाले,

ग) घरमा बालबालिकाहरूको सिकाइमा अभिभावकले कसरी सहयोग गर्ने, कसरी बालबालिकाहरूलाई पाठ्यवस्तुसँगै अन्य व्यवहारिक सिकाइमा सहजीकरण गर्ने, स्वसिकाइमा बालबालिकाहरूलाई कसरी जिम्मेवार र क्रियाशील बनाउने जस्ता तौरतरिकाहरूमा अभिभावकहरूलाई अध्ययन गरी व्यवहारमा उतार्न उपयोगी हुने किसिमको सहयोगी सामग्री विकास गर्न आवश्यक देखिएकाले,

घ) विपद्को समयमा बालबालिकासँग शिक्षक तथा विद्यालयलाई जोड्नका लागि अभिभावकलाई थप क्रियाशील बनाउन आवश्यक भएकाले ।

## ३. उद्देश्यहरू :

विषम परिस्थिति तथा प्रत्यक्षरूपमा विद्यालयमा उपस्थित भई शिक्षण सिकाइ गर्न नसकिने परिवेशमा घरमा नै बसेर सिकाइलाई निरन्तरता दिई तोकिएको सिकाइ उपलब्धि तोकिएकै समयमा प्राप्त गर्न सघाउ पुऱ्याउन देहाय अनुसारका उद्देश्यहरू राखिएका छन् :

क) बालबालिकाको सिकाइ सहजीकरणमा अभिभावकलाई सहभागी गराउनु,

ख) सिकाइमा सुधार गर्न नयाँ विधि र प्रक्रियालाई प्रयोग गर्नु,

ग) घर पहिलो पाठशाला र अभिभावक पहिलो शिक्षक भन्ने अवधारणालाई स्थापित गर्नु,

घ) सिकाइलाई दैनिक जीवन, व्यवहार र श्रमसँग जोड्नु,

ङ) जीवनोपयोगी सिपको विकास गर्न सहयोग पुऱ्याउनु,

च) सिकाइमा प्रत्यक्ष र परोक्ष संलग्न निकाय तथा व्यक्तिहरूको भूमिका यकिन गर्नु,

छ) बालबालिका घरमा नै रहेको अवस्थामा पनि शिक्षक र विद्यालयसँग जोडिने वातावरण बनाउनु ।

**४. गृह विद्यालय सञ्चालन प्रक्रिया :**

गृह विद्यालय सञ्चालन देहायअनुसार गर्न सकिनेछ :

| क्र.स. | गर्न सकिने क्रियाकलापहरू | क्रियाकलाप गर्ने विधिहरू वा तरिकाहरू |
|---|---|---|
| १ | गृह शिक्षक छनोट | • बालबालिका अध्ययन गर्ने विद्यालयका प्रधानाध्यापक/शिक्षकको सहयोगमा गृहशिक्षक तोक्ने । यसरी गृह शिक्षक तोक्दा सकेसम्म उक्त घरमा माथिल्लो तहमा अध्ययन गरेको व्यक्तिलाई तोक्नु उपयुक्त हुने । सम्भव भए सम्म विद्यार्थीका आमा वा बाबु र सो नभए दाजु दिदी , काका काकी/बाजे, बज्यै वा परिवारका अन्य सदस्य जो पनि हुन सक्छन् । |
| २ | गृह शिक्षक अभिमुखीकरण | • ययस सामग्रीको अनूसूची १ को आधारमा आमने सामने वा अन्य बैकल्पिक विधि अपनाएर गृह शिक्षकलाई २/३ घन्टाको अभिमुखीकरण प्रदान गर्ने । |
| ३ | पठनपाठन स्थानको छनोट तथा पढाइ कुनां व्यवस्थापन | • हरेक घरमा बिहान, दिउँसो र बेलुकी पढाइ गर्ने स्थानको यकिन गर्ने,<br>• उक्त स्थानमा बालबालिकाहरूका पुस्तक, स्थानीयस्तरमा निर्माण गरिएका सामग्रीहरू (काठका टुका, ढुङ्गा, अन्न, कागज आदिबाट निर्मित) व्यवस्थापन गर्ने,<br>• बालबालिकाहरूका पढ्ने सामग्रीहरू सबै त्यहाँ मिलाएर राख्ने,<br>• तोकिएको गृहशिक्षकले त्यही गएर हरेक दिन |



नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर

| क्र.स. | गर्न सकिने क्रियाकलापहरू | क्रियाकलाप गर्ने विधिहरू वा तरिकाहरू |
|---|---|---|
| | | बालबालिकाहरूको पठनपाठनमा सहयोग गर्ने । <br>• पढाइ कुनामा बालबालिकाले निर्माण गरेका चित्रहरू, पत्रपत्रिका, कथा कविताका पुस्तकहरू, पाठ्यपुस्तक, कापी तथा पठनपाठनका सामग्रीहरू व्यवस्थापन गर्न सहयोग गर्ने । |
| ४ | दैनिक कार्यतालिका निर्माण | • बालबालिकाहरूले दिनभर गर्ने क्रियाकलापहरू समेटी गृह शिक्षकले दैनिक कार्यतालिका निर्माण गर्न सहयोग गर्ने । <br>• दैनिक कार्यतालिकामा सिकाइ क्रियाकलापहरूका साथै खेलकुद, मनोरञ्जन र घरायसी कार्यमा सहयोगका लागि निश्चित समय छुट्याउने । |
| ५ | सिकाइ सामग्रीको व्यवस्थापन र प्रयोग | • विद्यालयसँग समन्वय गरी सबै बालबालिकाहरूलाई पाठ्यपुस्तक उपलब्ध गराउने । <br>• आवश्यक तथा उपलब्ध हुनसक्ने पत्रपत्रिका, कथा, कविता पुस्तकहरू, चित्र, कक्षागत पुराना किताबहरू आदि व्यवस्थापन गर्ने । <br>• सञ्चार माध्यमको पहुँच हुने स्थान भएमा जुन साधनको प्रयोगबाट सिकाइ हुने हो त्यहाँ प्रसारण हुने कार्यक्रमको तालिकाअनुसार बालबालिकाको समय व्यवस्थापन गर्ने र बालबालिकालाई अध्ययनमा संलग्न गराउने । <br>• कुनै पनि सूचना तथा सञ्चार साधनको पहुँच नभएका बालबालिकालाई स्थानीय तह वा स्थानीय गैह्रसरकारी संस्थासँग समन्वय गरी घरमै आधारित स्वःअध्ययन सामग्रीहरू उपलब्ध गराउने । <br>• सम्भव भएको ठाँउमा, विद्यालयबाट दैनिक रूपमा सिकाइ चौतारीमा भएको टेलिफोनमार्फत घरमा नै गराउन सकिने |



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

| क्र.स. | गर्न सकिने क्रियाकलापहरू | क्रियाकलाप गर्ने विधिहरू वा तरिकाहरू |
|---|---|---|
| | | पाठ्यक्रममा आधारित क्रियाकलापहरू (पूर्वप्राथमिक कक्षादेखि कक्षा ८ सम्मका लागि) डाउनलोड गरेर टेलिफोनमार्फत शिक्षकले गृह शिक्षक (अभिभावक)लाई उपलब्ध गराउने । |
| ६. | सिकाइ सहजीकरण | • घरका सबै बालबालिकालाई तोकिएको सिकाइ कुनामा बसाएर दैनिक कार्यतालिका बमोजिम सिकाइमा संलग्न गराउने ।<br>• आफूले सिकाउन सक्ने विषयवस्तु आफैँले सहजीकरण गर्ने वा माथिल्लो कक्षाका बालबालिकाले तल्लो कक्षाका बालबालिकालाई सिकाउने व्यवस्था गर्ने ।<br>• बालबालिकालाई सिकाउनका लागी गृह शिक्षकले नसक्ने वा माथिल्लो कक्षाका दाजु, दिदी नभएमा स्वःअध्ययनमा अभिप्रेरित गर्ने वा अनलाइनकक्षाको पहुँच भएमा सोको माध्यमबाट सिकाइ गर्न सहजीकरण गर्ने र शिक्षकलाई सम्पर्क गरी बालबालिकाको सिकाइमा सहयोगका लागि अनुरोध गर्ने ।<br>• मोबाइलमा अडियो, भिडियो अध्ययन सामग्रीहरूको माध्यमले आफ्ना छोराछोरीहरूलाई पठनपाठनमा सहयोग गर्ने ।<br>• स्थानीयस्तरमा उपलब्ध पत्रपत्रिका, कथा, कविताका पुस्तकहरू पढ्न सहयोग गर्ने ।<br>• बालबालिकालाई Closer User Group (CUG) मा आवद्ध हुन सहजीकरण गरी शिक्षकसँग नियमित रूपमा सम्पर्क गर्न सहयोग गर्ने । |
| ७. | शिक्षकसँग सहकार्य | • बालबालिकाले पढ्ने विद्यालयका प्रधानध्यापक र शिक्षकहरूको सम्पक नम्बर एउटा छुट्टै कापीमा वा पढाइ कुनामा बालबालिकालाई र गृहशिक्षकलाई सजिलै उपलब्ध हुनेगरी राख्ने । यदि गृहशिक्षक वा घरका अभिभावकको सम्पर्क नम्बर |

| क्र.स. | गर्न सकिने क्रियाकलापहरू | क्रियाकलाप गर्ने विधिहरू वा तरिकाहरू |
|---|---|---|
| | | छ भने शिक्षकहरूलाई पनि उपलब्ध गराइ अवश्यकता अनुसार बालबालिकाको सिकाइ सहजीकरणका लागि सम्पर्क गर्ने कुरा पनि बताउने । <br>● बालबालिकाको घरमै सिकाइ सुनिश्चिततताका लागि विद्यालयले तोकेको शिक्षक तथा आफ्नै समुदायमा भएको शिक्षक तथा स्थानीय तहले परिचालन गरेको स्वयंसेवक शिक्षकसँग सहकार्य गर्ने । |
| ८ | बालबालिकाको सिकाइ अभिलेखीकरण | ● तोकिएको शिक्षकले बालबालिकाहरूले गरेका क्रियाकलापका बारेमा घरमै भेटी वा वैकल्पिक माध्यमबाट जानकारी लिने र त्यसको अभिलेखीकरण गर्ने । <br>● सिकाइमा कमजोर देखिएका बालबालिकालाई सम्बन्धित शिक्षकले थप सहयोग गर्ने । |
| ९ | विद्यार्थी मुल्याङ्कन | ● बालबालिकाले घरमा सिकेका विषयवस्तुसमेत समेटेर विद्यालयले विद्यार्थीको निरन्तर मूल्याङ्कनको व्यवस्था गर्ने । |

**५. गृह शिक्षकले गर्नसक्ने दैनिक पाठसँग सम्वन्धित कियाकलापहरू :**

**क) बालविकास उमेरका बालबालिकाहरूको लागि सञ्चालन गर्न सकिने क्रियाकलापहरू**

- रेडियो टिभीबाट सञ्चालन भइरहेका अनलाइन अफलाइन कक्षामार्फत पठनपाठनमा सहयोग गर्ने,
- पाठ्यपुस्तक हेर्न पढ्न र अभ्यास गर्न सहजीकरण गर्ने,
- प्रारम्भिक उत्प्रेरणा, सकारात्मक अभिभावकत्व, पोषणसँग सम्बन्धित खेलहरू तथा क्रियाकलापहरू
- स्याहार, सुसार, खानपिन, स्वास्थ्य र सरसफाइ, संरक्षण जस्ता पक्षमा ध्यान दिने र खेतबारीको काम, गाईवस्तुको स्याहार, घर सरसफाइ या भान्छाको काम सकेपछि साबुन पानीले आफू र नानीबाबुहरको हात धुने र धुन सहयोग गर्ने, त्यसै गरी उमेर सुहाउँदा खेलहरू खेलाउने, गीत

गाउने र गाउन लगाउने, गाउँखाने रमाईला कथा भन्ने आदि क्रियाकलापहरूका माध्यमबाट सहजीकरण गर्ने ।

- सुनाइ र बोलाइ भाषिक सिपको विकासका साथै पूर्व साक्षरता र गणितीय सिपहरूको विकासका लागि विभिन्न क्रियाकलापहरू जस्तैः स्वर ध्वनि, अक्षरको ज्ञान किताबको ज्ञान, बोल्ने सुन्ने र छापा र सङ्केत । त्यसै गरी ज्यामितीय आकार, ढाँचा, नापतौल, मिलाउने, छुट्याउने र वर्गीकरणसम्बन्धी क्रियाकलापहरू गराउने,
- सम्भव भएको ठाँउमा, विद्यालयबाट दैनिक रूपमा पूर्वप्राथमिक कक्षाका लागि टेलिफोनमार्फत गृह शिक्षकले घरमा नै गराउन सकिने पाठ्यक्रममा आधारित क्रियाकलापहरू बालबालिकालाई गराउने ।

**ख) कक्षा १ देखि ३ सम्मका बालबालिकाहरूका लागि सञ्चालन गर्न सकिने क्रियाकलापहरू:**

- रेडियो टिभीबाट सञ्चालन भइरहेका अनलाइन अफलाइन कक्षामार्फत पठनपाठनमा सहयोग गर्ने,
- पाठ्यपुस्तक हेर्न, पढ्न र अभ्यास गर्न सहजीकरण गर्ने,
- भाषिक सिप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप र अभिव्यक्ति सिपको विकास जस्ता पक्षहरूमा ध्यानदिने,
- गणितीय सिप अन्तर्गत सङख्या र अङ्कको अवधारणाका साथै व्यवहारिक गणितीय ज्ञान तथा व्यावहारिक सिपको विकास र प्रयोगमा ध्यानदिने,
- विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलापहरू अन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, स्वास्थ्य र शारीरिक शिक्षा, प्रविधि आदि सिकाइका क्षेत्र अन्तर्गत पर्ने विषय वस्तुहरूसँगसम्बन्धी क्रियाकलापहरू गर्न सघाउने,
- सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलापहरू अन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, सिर्जनात्मकता, कला र संस्कृति, जीवनोपयोगी सिप तथा सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्र अन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलाप गर्न सघाउने,

- भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ), आधारभूत साक्षरता सीप (अक्षर, आधा अक्षर, मात्रा, ध्वनि सचेतना) लगायत आधारभूत गणितीय सिपहरू जस्तै अङ्क, ज्यामितीय आकृतिहरू, सानो ठुलो, अग्लो होचो आदिको अवधारणा,
- अक्षर, मात्रा, आधाअक्षर, शब्द, वाक्य, अनुच्छेद, निबन्ध, कथा, कविता र गीत लेखन,
- चित्र, अभिनय, उस्तै अर्थ आउने शब्द, विपरीत अर्थ आउने शब्दमा अन्तरक्रिया र छलफल आदि
- पाठसँग सम्बन्धित कक्षाकार्य, लेखाइ र सृजनात्मक लेखन) सम्बन्धी अभ्यास आदि,
- विभिन्न चित्र कोर्ने, एकपाने कथा र कथाका पुस्तकहरू पढ्न सहजीकरण गर्ने,
- विभिन्न गीत, कथा, कविताहरू पढेर सुनाउने आदि,
- घरपालुवा जनावर, जङ्गली जनावर, फलफूलका नाम, सातबारका नाम, बाह्र महिनाका नाम, मानव शरीरका अङ्गहरूका नाम, घरमा पाइने विभिन्न अन्नहरूका नाम भन्न सहयोग गर्ने,
- सम्भव भएको ठाँउमा, विद्यालयबाट दैनिक रूपमा कक्षा १ देखि ३ सम्मका लागि टेलिफोनमार्फत गृह शिक्षकले बालबालिकालाई घरमा नै गराउन सकिने पाठ्यक्रममा आधारित क्रियाकलापहरू गराउने ।

**ग. कक्षा ४ देखि ५ सम्मका बालबालिकाहरूका लागि सञ्चालन गर्न सकिने क्रियाकलापहरू:**

- रेडियो टिभीबाट सञ्चालन भईरहेका अनलाइन अफलाइन कक्षा मार्फत पठनपाठनमा सहयोग गर्ने,
- पाठ्यपुस्तक हेर्न, पढ्न र अभ्यास गर्न सहजीकरण गर्ने,
- भाषिक विषय अन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप तथा अभिव्यक्ति सिपको विकास जस्ता कियाकलापहरू गर्ने,
- गणित विषय अन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा व्यावहारिक सिपको विकास र प्रयोगसम्बन्धी कियाकलापहरू गर्न सहयोग गर्ने,
- विज्ञान तथा प्रविधि शिक्षासम्बन्धी क्रियाकलापहरू अन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्र अन्तर्गत छलफल गर्ने,

- सामाजिक अध्ययन तथा आचरण शिक्षा अन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, कला र संस्कृति, जीवनोपयोगी सिप, नागरिक चेतना आदि सिकाइका क्षेत्र अन्तर्गत पर्ने विषयवस्तुहरू समावेश गर्ने ।
- स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला अन्तर्गत शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप, सिर्जनात्मकता आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गर्दै सिर्जनात्मक सिप विकाससम्बन्धी कियाकलाप गर्दा अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराएर गर्ने
- मातृभाषा, स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप गराउने,
- शब्द, वाक्य, अनुच्छेद, निवन्ध, कथा, कविता र गीत लेखनमा विशेष जोड दिने,
- चित्र, अभिनय, उस्तै अर्थ आउने शब्द, विपरीत अर्थ आउने शब्दमा छलफल गराउने,
- नेपालको नक्सा, स्थानीय तहको नक्सा, प्रदेशको नक्सा, भित्ते पात्रो आदिको ज्ञान गराउने,
- सम्भव भएका ठाँउमा, विद्यालयबाट दैनिकरूपमा टेलिफोनमार्फत घरमा नै गराउन सकिंने पाठ्यक्रममा आधारित कियाकलापहरू प्रदान गरी गृह शिक्षक (अभिभावक) ले बालबालिकालाई गराउने ।

**घ. कक्षा ६ देखि ८ सम्मका बालबालिकाहरूको लागि सञ्चालन गर्न सकिने क्रियाकलापहरू:**

- रेडियो टिभीबाट सञ्चालन भईरहेका अनलाइन अफलाइन कक्षामार्फत पठनपाठनमा सहयोग गर्ने,
- बालबालिकाहरूलाई भाषा, गणित, विज्ञान तथा प्रविधि, सामाजिक, वातावरण, जनसङ्ख्या, , स्वास्थ्य शारीरिक, पेसागत शिक्षा (व्यवहार कुशल सिप) तथा पाठ्यपुस्तकले निर्धारण गरेका विषयहरूको पढाइ, लेखाइमा सहयोग गर्ने,
- विद्यार्थीहरूलाई मातृभाषा, सूचना तथा सञ्चार प्रविधि र अन्य व्यावहारिक जीवनसँग सम्बन्धित विविध क्षेत्रहरू (पशुपन्छीपालन, बागवानी, कृषि विज्ञान र कम्प्युटर शिक्षा जस्ता विषयहरू) को पठनपाठनमा सहयोग गर्ने,
- शब्द, वाक्य, अनुच्छेदनिवन्ध, कथा, कविता र गीत लेखनमा विशेष जोड दिने,

- दैनिक कार्यतालिकाको आधारमा सम्बन्धित कक्षाका विषयहरूको पठनपाठनमा आफ्ना बालबालिकाहरूलाई सहयोग गर्ने,
- सम्भव भएमा टेलिफोनमार्फत घरमा नै गराउन सकिने पाठ्यक्रममा आधारित क्रियाकलापहरू गराउने ।

**ङ. कक्षा ९ देखि १२ सम्मका बालबालिकाहरूको लागि सञ्चालन गर्न सकिने क्रियाकलापहरू:**

- रेडियो, टिभिबाट सञ्चालन भइरहेका अनलाइन कक्षाहरूमार्फत पठनपाठनमा सहयोग गर्ने,
- विद्यार्थीको सहभागितामा घरमा पढाइको योजना निर्माण गर्न लगाउने, परियोजना कार्य गर्न लगाउने, विभिन्न सन्दर्भ अध्ययन सामाग्रीहरू उपलब्ध गराउने,
- सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) आफ्ना छोराछोरीहरूका लागि घरमा सुहाउँदो वातावरण (बसाइ, खाजा, खाना, शैक्षिक सामाग्रीआदि) सिर्जना गर्ने,
- स्थानीय वातावरण (सामाजिक, आर्थिक र सास्कृतिक) मा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन सहयोग गर्ने,
- विज्ञान विषयसँग सम्बन्धित प्रयोगात्मक कार्य (Practical work) गर्न बालबालिकाहरूलाई प्रोत्साहन गर्ने,
- सामुदायिक कार्य, घटना अध्ययन, अवलोकन आदिका माध्यमबाट समस्या समाधान गर्ने किसिमका शिक्षण सिकाइ क्रियाकलापका गर्न सहजीकरण गर्ने (यस्ता क्रियाकलापको लागि आफ्नो घरको नजिक कुनै सम्बन्धित क्षेत्रमा माथिल्लो कक्षामा अध्ययनरत व्यक्तिको सहयोग पनि लिन सकिन्छ)
- प्रत्येक विषयको शिक्षण सिकाइ क्रियाकलापमा सिकाइलाई व्यावसायमूलक तथा रोजगारमूलक ज्ञान, सिप एवम् दक्षतासँग परिचित गराउने गतिविधि समावेश गरी श्रमप्रति सकारात्मक भावनाको विकास गर्ने क्रियाकलापसमेत सञ्चालन गर्ने,



नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर

- व्यावसायिक प्रकृतिका विषयहरू अध्ययनरत विद्यार्थीका लागि स्थानीय समुदायमा सञ्चालित विभिन्न प्रकारका पेसा, व्यवसाय र प्रविधिसँग सम्बन्धित कार्यक्रमहरूसँग समन्वय र सहकार्य गरेर पठनपाठनमा सहयोग पुर्‍याउने,
- परिवार वा नजिकका बालबालिकाइरूबिच अतिरिक्त/सहक्रियाकलापहरू (हिज्जे, कविता, कथा, गीत, अन्तक्षरी, निबन्ध, आदि) सञ्चालन गर्न सहयोग गर्ने,
- शिक्षण सिकाइ क्रियाकलापको छनोट र प्रयोगमा सिकारुको सक्रिय सहभागिता गराउन गृह शिक्षकहरूले आवश्यकताका आधारमा सकारात्मक अभिभावकत्व विधि अवलम्बन गर्ने,
- गृह शिक्षकले बालबालिकालाइ सहजीकरण गर्न आफूलाई अप्ठेरो परेका विषयहरूमा आफ्नो नजिकको विषयविज्ञ वा शिक्षक तथा प्रधानाध्यापकलाई फोन गरेर सहयोग लिने,
- कक्षा ९ देखि १२ सम्मका पाठ्यपुस्तक पढ्न, दिइएका अभ्यासहरू र गृह कार्य गर्न अभिप्रेरित गर्ने ।

## ६. सिकाइ सहजीकरणका लागि विभिन्न निकायहरूको भूमिका :

प्रत्यक्ष साक्षत्कारमा आधारित सिकाइ प्रकिया अवरुद्ध भएको अवस्थामा बालबालिकाहरूको सिकाइ सहजीकरणका लागि सरोकारवालाहरूको भूमिकालाई यस प्रकार प्रस्तुत गरिएको छ :

**क) अभिभावकको भूमिका :**

अ) बालबालकिाहरुलाई पठन र सोसम्बन्धी अभ्यास गर्न सहयोग गर्ने,

आ) विभिन्न निकायहरुबाट प्रसारण हुने रेडियो टेलिभिजनका कक्षाहरूमा सम्पर्क व्यवस्थापन र पठन पाठनमा सहयोग गर्ने,

इ) आफ्ना बालबालिकाहरूको खाना, खाजा, पढ्ने समय, विद्यालय पोसाक, कापी कलम, व्यक्तिगत सरसफाइ, घरायसी सरसफाइ आदिमा विशेष ध्यान दिने,

ई) दैनिक कार्यतालिका अनुसार बालबालिकाहरूको पठनपाठनमा सहयोग गर्ने र विद्यालय सञ्चालन भए पछि विद्यालयमा गएर बालबालिकाहरूको पढाइ कस्तो छ भनेर शिक्षकहरूसँग समन्वय गर्ने,

उ) प्रत्येक दिन बालबालिकाहरूको घरमा पठनपाठनमा सघाउने र उनीहरूलाई कथा, कविता, गीत, अभिनय, परियोजनाकार्य आदि गर्न सघाउने र घरमा सिकाइ कुना व्यवस्थापनमा सहयोग गर्ने,

ऊ) बालबालिकालाई सकारात्मक अभिभावकत्व प्रदान गर्ने साथै जीवनप्रयोगी सिपसम्बन्धी क्रियाकलापमा सहभागी गराउने,

ए) प्रारम्भिक बालविकास उमेरका बालबालिकाहरूका लागि प्रारम्भिक उत्प्रेरणा, प्रारम्भिक साक्षारता र गणित सिपसम्बन्धी खेलहरू खेलाउन सहजीकरण गर्ने,

ऐ) विद्यालयको तर्फबाट उपलब्ध गराइएको Closer User Group - CUG को माध्यमबाट विद्यालयको प्रधानाध्यापक, शिक्षक, स्वयंसेवकसँग निरन्तर सम्पर्कमा रहने,

ओ) Closer User Group - CUG को लागि उपलब्ध गराइएको निःशुल्क डाटा प्याकेजलाई विद्यार्थीको सिकाइका लागि आवश्यक सिकाइ सामग्री शिक्षा तथा मानव स्रोत विकास केन्द्रले उपलब्ध गराएको वेब पोर्टलबाट डाउनलोड गर्ने र हेर्ने व्यवस्था मिलाउने ।

**सञ्चार तथा प्रविधिको पहुँचका आधारमा विद्यार्थीहरूलाई अभिभावकले सिकाइ सहजीकरण गर्न निम्नानुसारका भूमिका खेल्न सक्दछन् :**

(१) सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका बालबालिकाका लागि :

अ) बालबालिकालाई पाठ्यपुस्तक, स्वाध्ययन सामग्री र उनीहरूको रुचिअनुसारका घरमै उपलब्धअन्य सन्दर्भ पुस्तकहरू पढ्न प्रोत्साहन गर्ने,

आ) पाठ्यपुस्तक तथा स्वाध्ययन सामग्रीमा भएका विषयवस्तुहरू आफूले जानेको भए ती विषयवस्तुहरू आफ्ना बालवालिकाहरूलाई सिक्न सहजीकरण गर्ने,

इ) बालबालिका पढिरहेको अवस्थामा उनीहरूको नजिकै बस्ने, पढे लेखेको सुन्ने, हेर्ने र छलफल गर्ने,

ई) घरमा माथिल्लो कक्षामा पढ्ने दाजु वा दिदीबाट सिक्न र सिकाउन लगाउने,

उ) बालबालिकाको विकासका लागि उनीहरूसँगै बसी लेखपढ गर्ने समय तालिका र आचारसंहिता निर्माण गर्ने र सोको पालना गर्ने र गर्न लगाउने,

ऊ) विद्यालय शिक्षकसँग निरन्तर सम्पर्कमा रही सिकाइमा सकजीकरण (पठनपाठन, निरीक्षण तथा मूल्याङ्कन) को व्यवस्था मिलाउने ।

(२) रेडियो, एफएम रेडियोमा पहुँच भएका बालबालिकाका लागि :

अ) पठनपाठनका लागि तोकिएको समयमा निरन्तररूपमा रेडियो प्राप्तिको सुनिश्चितता गरी रेडियोमा पाठ प्रसारण हुने समय तालिकाका बारेमा जानकारी गराउने,

आ) समय तालिका अनुसार रेडियो सुन्न लगाउने बानी पार्ने,

इ) रेडियो सुन्दा आफू पनि बालबालिकासँगै बसेर सुन्ने र छलफल गर्ने,

ई) रेडियोबाट सुनेका मुख्यमुख्य कुराहरूलाई टिपोट गर्न लगाउने र दिइएका गृहकार्यहरू गर्न लगाउने,

उ) रेडियोबाट प्रसारित पाठसँग सम्बन्धित पुस्तकको पाठ पढ्न र अभ्यासहरू गर्न लगाउने,

ऊ) भोलिपल्ट प्रसारण हुने पाठलाई अघिल्लो दिनमा नै पाठ्यपुस्तकको सम्बन्धित पाठ पढ्न लगाउने,

ए) रेडियोबाट प्रसारण भएको पाठमा बालबालिकाले नबुझेका कुराहरूको सूची तयार गर्न लगाउने र सूचीका बारेमा बालबालिकासँग छलफल गर्ने,

ऐ) बालबालिकाहरू स्पष्ट हुन नसकेका विषयवस्तुहरू भएमा सम्बन्धित शिक्षकसँग सम्पर्क गरी गराई छलफल गराउने र समस्याको समाधान गर्ने,

ओ) बालबालिका पढिरहेको अवस्थामा उनीहरूको नजिकै बस्ने, पढे लेखेको सुन्ने, हेर्ने र छलफल गर्ने,

औ) पाठ्यपुस्तकमा भएका विषयवस्तुहरू आफ्ना बालबालिकाहरूलाई सिक्न सहजीकरण गर्ने ।

(३) टेलिभिजनमा पहुँच भएका बालबालिकाका लागि :

अ) पठनपाठन हुने समय तालिकामा बालबालिकालाई टेलिभिजनको शिक्षण सिकाइ कार्यक्रमका लागि अनुकूल वातावरण तयार गर्ने जस्तो टेलिभिजनको व्यवस्था, होहल्ला नहुने वातावरणको सुनिश्चितता गर्ने,

आ) टेलिभिजनमा पाठ प्रसारण हुने समय तालिकाका बारेमा जानकारी गराउने र समय तालिकाअनुसार टेलिभिजन हेर्न र सुन्न लगाउने, बानी पार्ने,

इ) टेलिभिजनबाट पाठ प्रसारण भइरहेको समयमा सम्भव भएसम्म आफू पनि बालबालिका सँगै बसेर हेर्ने, सुन्ने र छलफल गर्ने,

ई) टेलिभिजनबाट प्रसारण भएको पाठका मुख्यमुख्य कुराहरूलाई टिपोट गर्न लगाउने, दिइएका गृहकार्यहरू गर्न लगाउने,

उ) टेलिभिजनबाट प्रसारित पाठसँग सम्बन्धित पुस्तकको पाठ पढ्न र अभ्यासहरू गर्न लगाउने,

ऊ) टेलिभिजनबाट प्रसारण भएको पाठमा बालबालिकाले नबुझेका कुराहरूको सूची तयार गर्न लगाउने र सूचीका बारेमा बालबालिकासँग छलफल गर्ने,

ए) बालबालिकाहरू स्पष्ट हुन नसकेका विषयवस्तुहरू भएमा सम्बन्धित शिक्षकसँग सम्पर्क गरी गराई छलफल गराउने र समस्याको समाधान गर्ने,



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

ऐ) बालबालिका पढिरहेको अवस्थामा सम्भव भएसम्म उनीहरूको नजिकै बस्ने, पढे लेखेको सुन्ने, हेर्ने र छलफल गर्ने,

ओ) भोलिपल्ट प्रसारण हुने पाठलाई अघिल्लो दिनमा नै पाठ्यपुस्तकको सम्बन्धित पाठ पढ्न लगाउने,

औ) पाठ्यपुस्तकमा भएका विषयवस्तुहरू आफ्ना बालबालिकाहरूलाई सिक्न सहजीकरण गर्ने,

अं) विगतमा सिकेका विषयवस्तुहरूका बारेमा पुनरावलोकन गर्न लगाउने,

अ:) अन्य सान्दर्भिक सामग्रीहरू खोज, सङ्कलन र अध्ययन विश्लेषण गर्न प्रोत्साहित गर्ने ।

(४) कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटी नभएका बालबालिकाका लागि :

अ) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकास गरी पोर्टलमा राखिएका स्वाध्ययन सामग्रीहरू आफैं वा शिक्षकको मदतले सिडी वा पेनड्राइभ वा हार्ड डिस्क आदिमा सङ्कलन गर्ने र घरमा भएको कम्प्युटरमा राख्ने राख्न लगाउने र उक्त सामग्री अध्ययन गर्न लगाउने,

आ) बालबालिकाले स्वाध्ययन सामग्री अध्ययन गरिसकेपछि त्यसमा दिइएका अभ्यासहरू गर्न लगाउने,

इ) स्वाध्ययन सामग्रीहरू अध्ययन गरिरहँदा बालबालिकासँगै बस्ने र छलफल गर्ने,

ई) स्वाध्ययन सामग्रीमा बालबालिकाले नबुझेका कुराहरूको सूची तयार गर्न लगाउने र सूचीका बारेमा बालबालिकासँग छलफल गर्ने,

उ) बालबालिकाहरू स्पष्ट हुन नसकेका विषयवस्तुहरू भएमा सम्बन्धित शिक्षकसँग सम्पर्क गरी गराई छलफल गराउने र समस्याको समाधान गर्ने,

ऊ) स्वाध्ययन सँगै पाठ्यपुस्तकको सम्बन्धित पाठ पढ्न र अभ्यासहरू गर्न लगाउने,

ए) पाठ्यपुस्तकमा भएका विषयवस्तुहरू आफ्ना बालवालिकाहरूलाई सिक्न सहजीकरण गर्ने,

ऐ) समय तालिका बनाई अध्ययन गर्न प्रोत्साहित गर्ने,

ओ) बालबालिकाको विकासका लागि उनीहरूसँगै बसी लेखपढ गर्ने समयतालिका र आचारसंहिता निर्माण गर्ने र सोको पालना गर्ने गराउने ।

(५) इन्टरनेट तथा सूचना सञ्चार प्रविधिमा पहुँच भएका बालबालिकाका लागि :

अ) शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइटको पोर्टलमा राखिएका स्वाध्ययन सामग्रीहरू डाउनलोड गरी नियमितरूपमा समय तालिका अनुसार अध्ययन गर्न लगाउने र मुख्य मुख्य बुँदाहरू टिपोट गर्न लगाउने,

आ) स्वाध्ययन सामग्री अध्ययनपश्चात् पुस्तकको सम्बन्धित पाठ अध्ययन गर्न लगाउने र अभ्यासहरूसमेत गर्न लगाउने,

इ) स्वाध्ययन सामग्रीहरू अध्ययन गर्दा वा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइटबाट रेडियो र टेलिभिजन पाठहरू सुन्दा र हेर्दा बालबालिकासँगै बस्ने, सुन्ने, हेर्ने र छलफल गर्ने,

ई) रेडियो र टेलिभिजन पाठपश्चात् पुस्तकको सम्बन्धित पाठ अध्ययन गर्न लगाउने र अभ्यासहरू समेत गर्न लगाउने,

उ) स्वाध्ययन सामग्री, रेडियो र टेलिभिजन पाठहरू नबुझेका खण्डमा सम्बन्धित शिक्षकसँग सम्पर्क गरी/गराई स्पष्ट हुन सहयोग गर्ने,

ऊ) पाठ्यपुस्तकमा भएका विषयवस्तुहरू बालबालिकाहरूलाई सिक्न सहजीकरण गर्ने,

ए) अन्य सान्दर्भिक सामग्रीहरू खोज, सङ्कलन र अध्ययनविश्लेषण गर्न प्रोत्साहित गर्ने ।

**ख) विद्यालयको कक्षा शिक्षकको भूमिका :**

अ) विद्यालयले आफूलाई जिम्मा लगाएको टोलमा कम्तीमा हप्तामा एक पटक हरेक घर भेट गर्ने गरी योजना निर्माण गर्ने, अधिपछिको समयमा क्लोजर युजर ग्रुपका माध्यमबाट विद्यार्थी तथा निजका अभिभावकसँग शिक्षण सिकाइका लागि निरन्तर सम्पर्कमा रहने तथा टेलिफोनमार्फत दैनिकरुपमा पाठ्यक्रममा आधरित क्रियाकलापहरू प्रदान गर्ने,

आ) घर भेटको क्रममा विद्यार्थीले सो हप्ता गरेका सिकाइ र समस्याका बारेमा छलफल गरी समस्या समाधनमा सहयोग गर्ने,

इ) पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित रहेर बालबालिकालाई सहजीकरण गर्ने र आउँदो हप्ताका लागि गृहकार्य दिने,

ई) विद्यार्थीले हप्ताभर घरमा आधारित, सिकाइ सामग्रीमा गरेका कार्यको परीक्षण गरी पृष्ठपोषण प्रदान गर्ने,

उ) विद्युतीय सञ्चार सामग्री जस्तैः रेडियो, टेलिभिजन वा अनलाइनको पहुँच भएका बालाबलिकाको पहिचानका आधारमा प्रसारण हुने कार्यक्रमको समयसारिणी उपलब्ध गराउने,

ऊ) उपरोक्त कक्षागत पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गरिएका पाठहरूलाई शिक्षण गर्न गृह शिक्षकलाई सहयोग गर्ने ।

**ग) विद्यालय व्यवस्थापन समितिको भूमिका:**

अ) विद्यालयको सेवाक्षेत्रमा गृह शिक्षक अवधारणालाई कार्यान्वयनमा ल्याउन अभिभावक र शिक्षकहरूसँग समन्वय र सहकार्य गर्ने,

आ) बालबालिकाहरूको पठनपाठन निरन्तरताका लागि विद्यालय शिक्षक र गृह शिक्षकहरू बिच पुलको काम गर्ने,

इ) आवश्यक पर्ने शैक्षिक सामग्रीको व्यवस्थापन गर्ने सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गर्ने,

ई) मासिकरूपमा आफ्नो विद्यालयका सेवा क्षेत्रभित्रका गृह शिक्षकहरूको कार्यको अनुगमन गर्ने र बालबालिकाहरूको पठनपाठन निरन्तर भएको सुनिश्चित गर्ने ।

**घ) प्रधानाध्यापकको भूमिका :**

अ) सबै शिक्षकहरूको सहभागितामा बालबालिकाहरूको सिकाइ सहजीकरणका लागि विद्यालय सेवा क्षेत्रभित्र एकजना शिक्षकलाई कम्तीमा एक टोल पर्ने गरी टोल विभाजन गर्ने । आफूले पनि कुनै एक टोलको जिम्मा लिने,

आ) क्लोजर युजर ग्रुपमा सबै अभिभावकलाई दर्ता गराई सो को माध्यमबाट विद्यालयका शिक्षक, अभिभावक तथा विद्यार्थीहरूसँग एसएमएस तथा फोन कलको माध्यमबाट निरन्तर सम्पर्कमा रहने र टेलिफोनमार्फत दैनिकरुपमा पाठ्यक्रममा आधरित कियाकलापहरू प्रदान गर्न सहजीकरण गर्ने,

इ) सबै विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराउने । आफ्नो सेवाक्षेत्र बाहिरका विद्यार्थीलाई पुरानो पाठ्यपुस्तकउपलब्ध गराउने,

ई) स्थानीय तहसँग थप सहयोगका लागि समन्वय गर्ने,

उ) शिक्षकहरूले गरेको कार्यको अनुगमनका लागि विद्यालय व्यवस्थापन समितिलाई समेत परिचालन गर्न आवश्यक व्यवस्था मिलाउने,

ऊ) विद्यार्थीहरूको त्रैमासिक, वार्षिक मूल्याङ्कन गर्न शिक्षकहरूलाई टोलहरू जिम्मादिने । विद्यार्थी मूल्याङ्कनको अभिलेख व्यवस्थित गर्न लगाउने ।

**ङ) स्थानीय तहको शिक्षा हेर्ने शाखाको भूमिका :**

अ) गृह विद्यालय सञ्चालनका लागि विद्यालयहरूलाई निर्देशन दिने,

आ) गृह विद्यालय सञ्चालनका लागि आवश्यकता तथा उपलब्धताको आधारमा स्रोतको व्यवस्थापन गर्ने,

इ) गृह विद्यालय सञ्चालनमा सहयोग गर्न चाहने अनुमति प्राप्त गैरसरकारी संस्थाहरूलाई सञ्चालनमा सहजीकरण गर्ने,

ई) गृह विद्यालय सञ्चालनका लागि स्वयंसेवक शिक्षक आवश्यक भए कम्तीमा दश कक्षा पूरा गरेका विद्यार्थीहरूलाई परिचालन गर्ने,

उ) गृह विद्यालय सञ्चालनको लागि स्वयंसेवक तथा अभिभावकहरूको क्षमता विकाससम्बन्धी कार्य गर्ने,

ऊ) गृह विद्यालय सञ्चालनको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यकता अनुसार निर्देशन दिन सक्ने,

ए) स्थानीय तहको शिक्षा शाखाले गृह विद्यालय सञ्चालन र व्यवस्थापन, लगायतका थप कार्यहरू गर्न सक्ने,

ऐ) क्लोजर युजर ग्रुपमा अभिभावकलाई सहभागी हुने व्यवस्था मिलाउन सबै विद्यालयलाइ निर्देशन दिने र आवश्यकता अनुसार सहजीकरण गर्ने ।

**च) शिक्षा विकास तथा समन्वय इकाइको भूमिका :**

अ) जिल्लाभित्र गृह विद्यालय सञ्चालनका लागि आवश्यक प्रबन्ध भिलाउने,

आ) गृह विद्यालय सञ्चालन, रेखदेख तथा व्यवस्थापनका लागि स्थानीयतहलाई सहयोग गर्ने,

इ) स्थानीय तहहरूबाट गृह विद्यालय सञ्चालनका लागि भए गरेका गतिविधिहरूको बारेमा बेलाबेलामा छलफल तथा अन्तरक्रिया गर्ने ।

**छ) गैरसरकारी संस्थाहरूको भूमिका :**

अ) स्थानीय तहको शिक्षा शाखासँग समन्वय गरी दिइएको निर्देशानुसार काम गर्ने,

आ) स्थानीय तहबाट प्राप्त निर्देशानुसार स्वयंसेवक शिक्षक तथा अभिभावकहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न सक्ने,

इ) विद्यालय र अभिभावकबिच सम्बन्ध सेतुको काम गर्ने,

ई) तोकिएको क्षेत्रको विद्यालयले गृह विद्यालयका लागि सहयोग माग गरेमा आवश्यक सहजीकरण गर्ने,

उ) शारीरिकरूपमा अपाङ्गता भएका बालबालिकाहरूका लागि स्वयंसेवक शिक्षक छनोट गरेर घरमै विद्यालय अवधारणाको आधारमा पठनपाठन निरन्तरतामा सहयोग गर्ने,

ऊ) शारीरिकरूपमा अपाङ्गता भई विद्यालय जान नसक्ने बालबालिकाहरूलाई घरमै विद्यालय कक्षा सञ्चालन गरेर पठनपाठनमा निरन्तरता दिने ।

ए) दृष्टिविहीन, सुस्तश्रवण र बहिरा बालबालिकाहरूलाई श्रोत विद्यालयमा पठाउन सहयोग गरेर पढाइको निरन्तरतामा सहयोग गर्ने,

ऐ) सामान्य अपाङ्गता भएका बालबालिकाहरूलाई उनीहरू सुहाउँदो वातावरणमा गृह शिक्षकले पठनपाठनमा सहयोग गर्ने,

उ) अपाङगता भएका बालबालिकाहरू माथि हुन सक्ने दुर्व्यवहार, हेला, शोषण र हिंसाबाट संरक्षण गर्न गृह शिक्षक, अभिभावकहरू र शिक्षकहरूले विशेष ध्यान दिने र

ऊ) स्थानीय तहले दिएका निर्देशन अनुसारका अन्य थप कार्यहरू गर्ने ।



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

## अनुसूची १

### गृह शिक्षक (अभिभावक) लाई गृह विद्यालयसम्बन्धी अभिमुखीकरणको सम्भाव्य विषयबस्तु

**उद्देश्यहरू**

- गृह शिक्षकहरूलाई घरमा पठनपाठनका क्रियाकलापहरूमा सहयोग गर्न सकिने विधि, प्रक्रियाको बारेमा अभिमुखीकरण गर्नु,
- गृह शिक्षकहरूलाई बालबालिकाहरूको कक्षा अनुसारका क्रियाकलापहरूमा सघाउन क्षमता अभिवृद्धि गर्नु,
- बालबालिकाहरूको दैनिक पढाइ कार्यतालिका निर्माण, पढाइ कुना व्यवस्थापन व्यक्तिगत सरसफाइ र संरक्षण प्रक्रियाको बारेमा अभिमुखीकरण गर्नु,
- प्रधानाध्यापक, शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू गृह शिक्षकको अवधारणाको व्यवहारिकरूमा कार्यान्वयन गर्न अभिमुखीकरण गर्नु ।

**अभिमुखीकरणका संभावित विषयहरू**

- गृह विद्यालयको अवधारणा र महत्व
- गृह शिक्षकको भूमिका
- बालबालिकाको दैनिक कार्यतालिका र पढाइ कुना
- गृह शिक्षकले सहजीकरण गर्न सकिने क्रियाकलापहरू र तरिकाहरू
- अन्य केही भए थप गर्न सकिने ।